# अपाङ्गता भएका महिला तथा बालिकाहरूमा कोभिड १९ को प्रभाव सम्बन्धी द्रुत अध्ययन

## संक्षिप्त प्रतिवेदन

डिसेम्बर, २०२०

अपाङ्गता भएका महिला तथा बालिकाहरूमा कोभिड१९ को प्रभाव सम्बन्धी द्रुत अध्ययन नेपाल अपाङ्ग महिला सङ्घले सम्पन्न गरेको हो। कोरोना भाइरसले विश्वलाई आक्रान्त पारिरहेको अवस्थामा नेपाल पनि त्यसबाट अछुतो रहन सकेन । भाइरसलाई फैलन नदिन र यसको असरलाई न्यूनीकरण गर्न नेपाल सरकारले करिब चार महिना लामो लकडाउन गऱ्यो। तत्पश्चात् लकडाउन र अन्य प्रतिबन्धहरू क्रमैसँग फुकुवा हुँदै गए पनि आम मानिसको दैनिक जीवन भने सामान्य बन्न सकेको छैन। बन्दाबन्दी तथा महामारीको कारण अपाङ्गता भएका महिला तथा बालिकाहरूको स्थिति झनै कठिन बन्न पुगेको छ। यसै सन्दर्भलाई मध्यनजर गर्दै कोभिड१९ ले अपाङ्गता भएका महिला र बालबालिकालाई पारेको प्रभावको विश्लेषण गर्न यस द्रुत अध्ययन सम्पन्न गरिएको हो।

# अध्ययनको उद्देश्य र पद्धति

द्रुत अध्ययनको मुख्य उद्देश्य भनेको बन्दाबन्दी तथा त्यसपछिको अवस्थामा अपाङ्गता भएका महिला तथा बालिकाहरूको अवस्था विश्लेषण गर्नु रहेको थियो। बन्दाबन्दीको समयमा अपाङ्गता भएका महिलाहरूले सामना गर्नुपरेका स्वास्थ्य तथा अन्य दैनिक कठिनाइ  सूचना ता सञ्चारमा पहुँच र  हिंसाजस्ता पक्षहरूलाई समेटेको छ। यसका साथै यस अध्ययनले बन्दाबन्दी उनीहरूको अवस्था र आवश्यकतालाई पनि समेटेको छ।

द्रुत अध्ययन परिमाणात्मक अध्ययन विधिको प्रयोग गरेर सम्पन्न गरिएको थियो जसमा १६० उत्तरदाताहरू सहभागी थिए। अपाङ्गता भएका महिला, बालिका र तिनका अभिभावकहरूलाई यस अध्ययनमा उत्तरदाताको रूपमा समावेश गरिएको थियो जसमा उत्तरदाताहरू सबै प्रदेशबाट सहभागी भएका थिए। यस अध्ययनका लागी नेपाल अपाङ्ग महिला सङ्घले अनुसन्धान विज्ञ (Research Consultant) सँग समन्वय गरेर प्रश्नावली तयार पारेको थियो। प्रश्नावलीमा सबैजसो प्रश्नमा बहु वैकल्पिक उत्तरहरू सहित अन्य भन्ने अप्सन पनि राखिएको थियो साथै केही प्रश्नहरू उत्तरदाताहरूको विचार बुझ्ने अभिप्रायले पनि समेटिएको थियो। अध्ययनको तथ्याङ्क सङ्कलनको लागी गुगल फर्मको प्रयोग गरिएको थियो जसमा सबै उत्तरदाताहरूलाई सोधिएको प्रश्नहरू भर्न भनिएको थियो। केही उत्तरदाताहरूको हकमा भने यसै संस्थाका सदस्यहरू तथा कर्मचारीमार्फत विवरण भराइएको थियो।



# उत्तरदाताहरूको जनसाङ्ख्यिक विवरण



- अध्ययनमा सबैभन्दा बढी बाग्मती प्रदेशबाट (२२.५ प्रतिशत) र कम सुदूरपश्चिम प्रदेशबाट (७.५ प्रतिशत) उत्तरदाताहरू सहभागी थिए।
- अपाङ्गताको वर्गको आधारमा सबैभन्दा बढी शारीरिक अपाङ्गता भएका व्यक्तिहरू (६८.७५ प्रतिशत) सहभागी भएका थिए। त्यसको अलावा अध्ययनमा दृष्टिविहीन र बहिरा उत्तरदाताहरूको सहभागिता क्रमश: ९.३८ र ७.५ प्रतिशत रहेको थियो। २.५ प्रतिशत उत्तरदाताहरू मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरू थिए भने १ जना बहु अपाङ्गता भएका व्यक्ती पनि यस अध्ययनमा सहभागी थिए।
- जातीगत् आधारमा हेर्दा कूल उत्तरदाताहरूमध्ये ६० प्रतिशत ब्राह्मण/छेत्री समुदायका थिए भने २३.१३ प्रतिशत जनजाति समुदायबाट सहभागी थिए। मधेसी र दलित समुदायको प्रतिनिधित्व क्रमश: ८.७५ र ६.८८ प्रतिशत रहेको थियो।
- उमेरको आधारमा हेर्दा सबैभन्दा बढी २६-३५ वर्ष उमेर समूहको प्रतिनिधित्व रहेको थियो जसले कूल उत्तरदाताको आधा हिस्सा ओगटेको थियो। त्यस्तै १९-२५ वर्ष उमेर समूहको प्रतिनिधित्व २३.१३ प्रतिशत थियो। १०-१८ वर्ष उमेर समूहका उत्तरदाताहरू ४.३८ प्रतिशत थिए भने ६० वर्ष माथिका केवल एक जना मात्र अध्ययनमा सहभागी थिए।
- कूल उत्तरदाताको करिब एक तिहाइ अर्थात् ३२.५ प्रतिशत ले माध्यमिक तह उत्तीर्ण गरेका थिए भने एक चौथाइ अर्थात् २५ प्रतिशतको शैक्षिक योग्यता स्नातक रहेको थियो। १५.६३ प्रतिशत व्यक्तिहरूले आफ्नो शैक्षिक योग्यता स्नातकोत्तर रहेको भने। केवल ६.८८ प्रतिशत सहभागीले मात्र आफू निरक्षर रहेको बताए।
- अध्ययनमा सहभागी मध्ये ४० प्रतिशतले आफू विद्यार्थी भएको बताए भने १५.६३ प्रतिशतले आफू बेरोजगार रहेको भने। केवल १२.५ प्रतिशतले आफू कृषीकर्म गर्ने बताए। त्यसअतिरिक्त उत्तरदाताहरूमध्ये ६.८८ प्रतिशत अध्यापन, ५.६३ प्रतिशत स्वरोजगार र ५ प्रतिशत निजी क्षेत्रमा काम गर्ने बताए। यस अध्ययनमा सरकारी नोकरी गर्ने केवल ३.७५ प्रतिशत थिए।

# मुख्य जानकारीहरू

- लकडाउनको समयमा सामना गर्नुपरेको स्वास्थ्य समस्याको सम्बन्धमा ३७.७८ प्रतिशतले नयाँ स्वास्थ्य समस्या सिर्जना भएको, ३६.६७ प्रतिशतले नियमित स्वास्थ्य जाँच गराउन नपाएको तथा २५.५६ प्रतिशतले नियमित रूपमा सेवन गर्नुपर्ने औषधी प्राप्त गर्न नसकेको बताए तर विडम्बना उनीहरू मध्ये केवल ८.७५ प्रतिशतले मात्र आफ्ना ती स्वास्थ्य सम्बन्धी समस्याहरू समाधान भएको र ४६.२५ प्रतिशतले आंशिक रूपमा सम्बोधन भएको भने।
- उत्तरदाताहरूमध्ये ५६.१८ प्रतिशतले बन्दाबन्दीको समयमा आफू हिंसामा परेको बताए। उनीहरूमध्ये २८.०९ प्रतिशतले आफूले मानसिक यातना भोग्नुपरेको, १४.६१ प्रतिशतले आफूलाई एक्लाइएको तथा १०.११ प्रतिशतले मौखिक गालीगलौज सहनु परेको भने। त्यसको अलावा ३.३७ प्रतिशत उत्तरदाताहरूले शारीरिक हिंसासमेत भोग्नुपरेको बताए। त्यसरी हिंसा भोग्न बाध्य उत्तरदाताहरूमध्ये ४२.२२ प्रतिशतले आफू छिमेकीबाट र २८.८९ प्रतिशतले परिवारबाट हिंसा भोगेको बताए।
- बन्दाबन्दीको समयमा ७२.५ प्रतिशतलाई यातायातको, ५५ प्रतिशतलाई दैनिक आम्दानी र रोजगारीमा तथा ४५ प्रतिशतलाई स्वास्थ्य सेवा लिन समस्या भएको बताए। ४१.९ प्रतिशतले बन्दाबन्दीको समयमा पैसा नै नभएर समस्या भएको बताए। त्यस्तै ५१.९ प्रतिशतले बन्दाबन्दीको समयमा दैनिक खाद्यवस्तुहरू खरिद् गर्न निकै कठिन भएको भने।
- कोभिड१९ र लकडाउनको जानकारी सम्बन्धमा ९२.५ प्रतिशतले त्यसबारेमा जानकारी प्राप्त भएको बताए भने ६.२५ प्रतिशतले जानकारी प्राप्त गर्न नसकेको भने। जानकारी प्राप्त गर्नबाट वञ्चित हुनेहरूमा खास गरी सुस्त श्रवण र मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरू रहेछन्।
- सूचनाको लागी सबैभन्दा बढी प्रयोग गरिने माध्यम मोबाइल रहेको पाइयो जसमा ७३.७५ प्रतिशतको पहुँच रहेछ। त्यस्तै रेडियोमा ६८.७५ प्रतिशत, सामाजिक सञ्जालमा ६२.५ प्रतिशत र टेलिभिजनमा ५० प्रतिशतको पहुँच रहेको पाइयो। २९.४ प्रतिशतले अन्य व्यक्तिहरूबाट समेत कोरोना र बन्दाबन्दीको विषयमा जानकारी तथा सूचनाहरू लिने गरेको भने।
- सूचना तथा जानकारीको पहुँचयुक्तताको सम्बन्धमा एक तिहाइ उत्तरदाताहरूले पहुँचयुक्त नभएको बताए जसमा खास गरी बहु अपाङ्गता, बहिरा, मनोसामाजिक अपाङ्गता तथा बौद्धिक अपाङ्गता भएका उत्तरदाताहरू थिए। पहुँचयुक्त सूचना र सञ्चारको अभावमा ५६.२५ प्रतिशतलाई दैनिक खाद्यवस्तु कसरी र कुन समयमा खरिद् गर्ने, २६.५६ प्रतिशतलाई देशभित्र र बाहिरको गतिविधि र १७.१९ प्रतिशतले कोरोना र यसबाट सुरक्षित रहने उपायको बारेमा राम्रो जानकारी प्राप्त गर्न नसकेको बताए।



# मुख्य जानकारीहरू



- राहतको सम्बन्धमा केवल २० प्रतिशत उत्तरदाताले मात्र राहत प्राप्त गरेको पाइयो।  खास गरी बहू अपाङ्गता भएका, बौद्धिक अपाङ्गता भएका, न्यूनदृष्टियुक्त व्यक्ती र सुस्त श्रवण भएका व्यक्तिहरूले राहत प्राप्त गर्न नसकेको बताए।
- राहत प्राप्त गर्नेहरूमध्ये अधिकांश अर्थात् ७२.९७ प्रतिशतले राहतमा केवल खाद्यान्न मात्र प्राप्त गरेको भने। १८.७५ प्रतिशत उत्तरदाताहरूले राहत सामाग्रीमा उनीहरूका लागी अत्यावश्यक अन्य सामाग्रीहरू पनि समेटेको बताए।
- राहत वितरणमा आधा जसो उत्तरदाताहरूले महिलाहरूको सहभागिता नरहेको बताए भने केवल ३५.४८ प्रतिशतले केवल नाम मात्रको लागी महिलाहरू समावेश गरिएको थियो भने। त्यसअतिरिक्त तिन चौथाइ उत्तरदाताहरूले राहत वितरण अपाङ्गता तथा लैङ्गिक मैत्री नभएको भने।
- बन्दाबन्दी र अन्य प्रतिबन्धहरू हटे पनि ९०.११ प्रतिशत उत्तरदाताहरूले परिस्थिति अझै उनीहरूका लागी जटिल रहेको भने।
- ५८.१३ प्रतिशतले आफूलाई अहिले पनि राहतको आवश्यकता रहेको बताए। राहतको आवश्यकता हुनेहरूमा सुस्त श्रवण, बहिरा, मनोसामाजिक अपाङ्गता र बोलाई सम्बन्धी अपाङ्गता भएका व्यक्तिहरू बढी रहेका छन्।
- राहतको आवश्यकता भएकाहरूमध्ये ३४.४ प्रतिशतलाई आर्थिक रकम, ३२.५ प्रतिशतलाई खाद्यान्न र ३०.६३ प्रतिशतलाई स्वास्थ्य र सरसफाइका सामाग्रीहरू आवश्यक रहेको पाइयो। त्यसअतिरिक्त १६.९ प्रतिशतले आफूलाई सहायक सामाग्रीहरू आवश्यक रहेको बताए।
- १० मध्ये ९ उत्तरदाताहरूले अपाङ्गता भएका महिला तथा बालिकाहरू बढी जोखिममा हुने साथै उनीहरूको शारीरिक अवस्था र सीमितताले गर्दा अरूको सहयोग निरन्तर चाहिने भएकोले उनीहरूका लागी विशेष हेरचाह र सहयोगी सेवा उपलब्ध हुनुपर्ने बताए।

# सुझाव

द्रुत अध्ययनबाट प्राप्त जानकारीहरूलाई विश्लेषण गर्दा अपाङ्गता भएका महिला र बालबालिकाहरूको अवस्था बन्दाबन्दीको समय तथा त्यसपछि पनि निकै जटिल अवस्थामा रहेको पाइयो। तसर्थ प्राप्त जानकारीका आधारमा निम्न सुझावहरू प्रस्तुत गरिएको छ ।

- अपाङ्गता भएका महिला र बालिकाहरूको अवस्थालाई सहज बनाउनको लागी नेपाल सरकारले बेलैमा विशेष राहतका प्याकेजहरू ल्याएर त्यसलाई सम्बन्धित व्यक्तिहरूसम्म पुग्ने गरी कार्यान्वयन गर्नु पर्दछ।
- अझै पनि सूचना र जानकारीहरू पूर्ण रूपमा पहुँचयुक्त हुन नसकेकोले सबै किसिमका सूचना र सञ्चार प्रणालीहरू पहुँचयुक्त बनाउनको लागी उचित निर्देशन दिनु तथा यस सम्बन्धमा बनेका नीतिहरूको कार्यान्वयन गर्नुपर्दछ।
- सङ्कट र महामारीको समयमा अन्य महिलाहरूजस्तै अपाङ्गता भएका महिला र बालिकाहरू पनि हिंसाको जोखिममा रहने भएकोले त्यसप्रति नेपाल सरकार निकै संवेदनशील भएर लाग्नु पर्दछ।
- अपाङ्गता भएका महिला र बालबालिकाहरूका आआफ्नै स्वास्थ्य समस्या र जटिलताहरू हुने भएकोले विशेष आवश्यकता सम्बोधन र सहयोगी सेवाहरू उपलब्ध गराउनको लागी विशेष रणनीति बनाएर लागू गर्नु पर्दछ।
- महामारी तथा सङ्कटको समयमा राहत वितरण गर्दा अपाङ्गता र लैङ्गिक पक्षलाई विशेष ध्यान दिएर अपाङ्गता भएका महिला तथा बालिकाहरूका लागी अत्यावश्यक हुने सामाग्रीहरूलाई पनि राहत प्याकेजमा समेटेर राहत वितरण कार्य अगाडी बढाउनुपर्दछ।

त्यसका साथै नेपाल अपाङ्ग महिला सङ्घलगायत अपाङ्गताको क्षेत्रमा कार्यरत संस्थाहरूले माथि उल्लेखित पक्षहरूलाई विशेष ख्याल गर्दै अपाङ्गता भएका महिला र बालिकाहरूको मुद्दा सम्बोधन गराउन निरन्तर रूपमा पैरवी, समन्वय र सहकार्य गर्नुपर्दछ। त्यसबाहेक अपाङ्गता भएका महिला तथा बलिका र उनीहरूका परिवारको क्षमता अभिवृद्धि गर्ने, आवश्यक सामाग्री तथा सेवा प्राप्तिका लागी समन्वय गरिदिने, मनोसामाजिक सेवा प्रदान गर्नेजस्ता कामहरू पनि महिला सङ्घलगायत सबै संस्थाहरूले निरन्तर रूपमा गर्नु पर्दछ साथै कोरोना महामारीजस्तो सङ्कटको अवस्थामा यस्ता कुराहरूमा थप संवेदनशील र जिम्मेवार बन्नुपर्दछ।



# निष्कर्ष

अपाङ्गता भएका महिला र बालिकाहरू अपाङ्गता तथा महिला भएकै कारण दोहोरो बहिष्करण र विभेदमा परेका छन्। एकातिर उनीहरू घरपरिवार र समाजबाट पीडित छन् भने अर्कोतिर सङ्कटको समयमा पनि राज्यबाट अभिभावकत्वको महसुस गर्न पाएका छैनन्। अपाङ्गता तथा महिला भएकै कारण दैनिक जीविकोपार्जन गर्न तथा राज्य तथा गैरसरकारी तहबाट प्रदान गरिएका राहत साथसाथै सूचना र जानकारीमा सहज पहुँच प्राप्त गर्न नसक्दा सङ्कटको समयमा उनीहरूको स्थिति झन् नाजुक बन्न पुगेको छ। तसर्थ, राज्यलगायत सबै सरोकारवाला व्यक्ती तथा निकायहरूले उनीहरूको जीवनस्तर उकास्नको लागी बेलैमा आआफ्नो क्षेत्रबाट समुचित कदमहरू चाल्नु अपरिहार्य भइसकेको छ।

